## मिति २०८० फाल्गुण १८ गतेको २७ औ कार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं.१)** अघिल्लो कार्यपालिका बैठकले गरेका निणर्यहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

**निर्णय नं.२)** यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.३)** विधेयक समितिवाट पेश भएका देहाय बमोजिमका कार्यविधिहरु स्विकृत गर्ने निर्णय गरियो

क) निर्वाहमुखी पशुपालनमा आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

ख) फार्म सुधार तथा विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

ग) हर्ड हेल्थ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

**निर्णय नं.४)** वागमती प्रदेश सरकारवाट यस नगरपालिका लाई निशुल्क तथा अनिवार्य शिक्षा घोषणा गर्नको लागि कार्यक्रम स्विकृत भएको हुँदा २०८१ जेठ मसान्त भित्रमा सवै प्रक्रिया पूरा गरेर माडी नगरपालिकालाई निशुल्क तथा अनिवार्य शिक्षायुक्त नगरपालिका घोषणा गर्नको लागि शिक्षा शाखालाई निर्देशन गर्ने तथा सो को लागि सवै जनप्रतिनिधि लगायत सरोकारवाला निकायले आवश्यक सहयोग तथा समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५)** प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम अर्न्तगतको वगई खोला कल्भर्ट निर्माण माडी ९ को योजना सोही बगही खोलाको लुरे बोटको घर छेउमा एउटा र दुर्गा वहादुर हरिजनको घर छेउमा अर्को गरी २ वटा बक्स कल्भर्ट निर्माण गर्न टेण्डर आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६)** संघिय सरकारवाट हस्तान्तरित कार्यक्रम अर्न्तगतको पालिका अन्तर्गत निर्माणाधीन आधारभूत अस्पतालको श्रृजित दायित्व भुक्तानी गर्ने योजनावाट अस्पतालमा गत वर्ष गरिएको टेण्डरवाट निर्माण गर्न बाँकी कामको लागि रु ४० लाख र सोही भवनको अधुरो कामको लागि रु २० लाख लाखमा टेण्डर आव्हान गरिएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७)** माडी नगरपालिकाको आवधिक योजना निर्माण गर्नको लागि प्रक्रिया अघी बढाउन योजना तथा अनुगमन शाखा तथा खरिद इकाइलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८)** माडी नगरपालिकाको कार्य सञ्चालन सम्वन्धी निर्देशिका २०७८ को दफा ४ मा देहाय वमोजिमको उपदफा ङ थप गरी उक्त निर्देशिका संशोधन गर्ने निर्णय गरियो ।

**उपदफा ङ यस नगरपालिका भित्रका विभिन्न कार्यक्रम तथा योजनाहरुको अनुगमन गर्नु पर्दा अनुगमन समितिका सदस्य तथा आमन्त्रित सदस्यहरुलाई समेत उपदफा ४ क बमोजिमको भत्ता उपलब्ध गराईनेछ**

**निर्णय नं. ९)** यस माडी नगरपालिका अन्तर्गतका योजना तथा कार्यक्रमहरुको अनुगमन गरि प्रतिवेदन दिनको लागि हाल सम्मको समितिवाट भए गरेका काम कारवाहीको अनुमोदन गर्दै देहाय वमोजिमको अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | नगर उप प्रमुख |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | सम्वन्धित वडाको वडाध्यक्ष |
| सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्य | पूर्वाधार शाखाको शाखा प्रमुख |
| सदस्य | सम्वन्धित वडा हेर्ने प्राविधिक |
| सदस्य सचिव | सम्वन्धित शाखाको शाखा प्रमुख |

**निर्णय नं. १०)** संघिय सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय को प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरित पशुपन्छि तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि २०८० को दफा ११(२) क को हरियो घाँस विस्तार कार्यक्रम सञ्चालन गर्न विस्तारित घाँस खेती क्षेत्रका लागि प्रति कठ्ठा तिन हजार र एकवर्षे घाँसका लागि प्रति कठ्ठा पन्ध्र सय मात्र उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित
२०८०।११।१८

तारा कुमारी काजी महतो

प्रमख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ११)** यस नगरपालिका अन्तर्गतका तपशिल बमोजिमका योजनाहरुमा बजेट मागको लागि सम्बन्धित निकायहरुमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**माडी नगरपालिका १ नं. वडा**

**संघ**

१. वडा कार्यालय भवन
२. गर्दी स्वास्थ्य चौकी भवन

**प्रदेश**

१. वडा कार्यालय भवन
२. गर्दी स्वास्थ्य चौकी भवन

**माडी नगरपालिका २ नं. वडा**

**संघ**

१. नयाँपर्सा र जीवनपुर गाँउ विचमा भ्यागुते खोलामा डाइभर्सन र तटवन्धन सहितको कलभर्ट निर्माण ।
२. मझुवा निर चितही खोला डाइभर्सन तटबन्धन सहितको पक्की पुल निर्माण ।

**प्रदेश**

१. बैराठ चोकदेखि जीवनपुर स्कुल हुदै लौगाइको मेन रोड सम्म पुग्ने बाटोमा कालोपत्रे ।
२. ध्रुव चौतारा देखि कुलोको छेउ हुदै एनसेल टावर बरुवा सम्म कालोपत्रे ।

**माडी नगरपालिका ३ नं. वडा**

**संघ**

१. मस्जिद हुँदै रतानी धोवहा सम्म नाला सहित कालोपत्रे
२. मस्तिज निरको रतनी पुल

**प्रदेश**

१. विक्रम महतो पलोटिङ्ग कल्भटवाट सुनारको घरसम्म र माडी मा.वि. बाट इलाका प्रहरी कार्यलयसम्म कालोपत्रे
२. धोवहा विद्यालय चोकबाट — धोवहा हुँदै रतनी सम्म कालोपत्रे

**माडी नगरपालिका ४ नं. वडा**

**संघ**

१. सिधुवा चोक देखी आरन सम्म सधुवा चोक गाउ क्लव घर देखी २ नं. वडा जोडने लौगाई सम्म र वलराम चौधरीको घर देखी अम्रौली गाउको चोक सम्म ढलान सहितको कालोपत्रे सडक
२. एकता स्तंभ, रेडहिल पार्क साथै सिधुवा पार्क व्यवस्थापन तथा भौतिक निर्माण

**प्रदेश**

१. विभिन्न सडकमा ७ वटा कल्भर्ट
२. अम्रौली कुलो चम्फावार कुलो र घोषरी सितलपुरको कुलो ढलान

निर्णय प्रमाणित

२०८०।५।१८

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काली महतो
नगर प्रमुख

नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चितवन
बागमती प्रदेश, नेपाल
२००३

Scanned with CamScanner
CamScanner

माडी नगरपालिका ५ नं. वडा

संघ

१. सभा हल सहित वडा कार्यालय भवन थप
२. बाल कुमारी सुवेदी घरदेखी रौताने खोलासम्म र मनिध्वज चोक हुदै राधापुर स्वास्थ्य चौकी सम्म बाटो कालोपत्रे (पुल सहित)

प्रदेश

१. बसन्तपुर शहिद चोकदेखी विधुत कार्यालय सम्मको बाटो कालोपत्रे र गैरी गाँउको बाटो कालोपत्रे( नगरपालिका भवन पछाडी बाटो)
२. ढिकुरबारी बाल विकासदेखी रौतने खोलामा पुल सहित ब्रह्मज्योती आधारभुत विद्यालय हुँदै मिलन चोकसम्म बाटो कालोपत्रे

माडी नगरपालिका ६ नं. वडा

संघ

१. कर्ण बहादुर घर्ति स्मृति प्रतिष्ठान चोक देखि दक्षिणतर्फ सामुदायिक वनसम्मको बाटो
२. जनकल्याण चोक देखि पुष्प मदन स्मृति वाटिकासम्म जाने बाटो

प्रदेश

१. कल्याणपुर रेडक्रसचोकबाट हरिनगर दीवाकर बहुप्राविधिक शिक्षालय हुँदै गोपालनगर जाने बाटो
२. रिमाल खोला पुल, हरिनगर

माडी नगरपालिका ७ नं. वडा

संघ

१. देवेन्द्रपुर शिवालय मन्दिर देखी पश्चिम दक्षिण कालिका स्कुल हुँदै पतेर खोला सम्म सडक कालोपत्रे
२. रिमाल खोला रामचन्द्र बस्नेतको घरदेखि गौरीनगर बृद्धसेवा हुँदै परुई खोला सम्मको सडक कालोपत्रे

प्रदेश

१. किर्तनपुर आ.वि. देखी दक्षीण पूर्ण प्रसाद भण्डारीको घर हुँदै पश्चिम टेक बहादुर रानाभाटको घर देखी दक्षिण वोडिङ्ग चोक हुलाकी सडक जोड्ने बाटो
२. गौरीनगर विचटोलको बाटो कालोपत्रे

माडी नगरपालिका ८ नं. वडा

संघ

१. माडी ८ को अयोध्यापुरी मध्यवर्ति सामुदायिक होम स्टे शिवद्वारमा थप ११ वटा होमस्टे निर्माण
२. माडी न.पा. ८ मा रहेको बैकुण्ठ ताल संरक्षण तथा व्यवस्थापन

प्रदेश

१. वैकुण्ठधाम जाने बाटोमा पर्ने भालु नालामा पक्की कल्भर्ट
२. टुनामुना खोला नियन्त्रण तथा तटबन्धन

निर्णय प्रमाणित

२०८०।११।१८

प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काली महतो
नगर प्रमुख

Scanned with CamScanner

माडि नगरपालिका ९ नं. वडा

संघ

१. अयोध्याधाम पूर्वाधार विकास
२. अयोध्याधाम देखी कृष्णनगर खेत हुदै बगही बस पार्कसम्म वैकल्पिक सडक

प्रदेश

१. घाघर खोला पुर्व वडा नं. ९ को कार्यालय पछाडी हुदै जेठी बगही देखि प्याउली सडक कालोपत्रे
२. प्याउली देखी सागबारी सम्म सामुदायिक वनमा मेशजाली

**प्रदेश सरकार सँग माग गर्नुपर्ने नगरस्तरिय योजना विवरण**

१. अयोध्या बाटिका अधुरो पार्क निर्माण, माडी न.पा. वडा न.- ८

२. सामुहिक खेति प्रवर्धन तथा ब्यबस्थापन, माडी न.पा. वडा न.-८

३. गोद्धक क्षेत्र पूर्वाधार विकास, माडी न.पा. वडा न.-१

४. अधुरो रंगशाला पूर्वाधार निर्माण, माडी न.पा. वडा न.-३

५. जडीबुटी पार्क निर्माण वडा न.-९

६. लक्ष्मिनिया जाने कल्भर्ट निर्माण - माडी न.पा. वडा न.-१

७. रेवा त्रिबेणीधाम पूर्वाधार विकास, माडी न.पा. वडा न.- ७

८. रौतनी खोला कल्भर्ट निर्माण, माडी न.पा. वडा न.- ५

९. मिलनचोक नेर बाँदरमुडे खोला वडा न.-५ र ६ जोडिने बाटोमा कल्भर्ट निर्माण

१०.पुष्पमदन बाटिका पूर्वधार विकास, माडी न.पा. वडा न.- ६

११. हाट बजार निर्माण माडी न.पा. अन्तर्गत

१२. कोल्ड स्टोर निर्माण, माडी न.पा. अन्तर्गत

१३. बघौडा अस्पताल पूर्वधार विकास (अधुरो भवन, पोस्टमार्टम र कम्पाउण्ड तथा क्यानटिन निर्माण )

१४. रिऊ खोला तटबन्धन

१५. बिभिन्न जातजाति सम्बन्धि पहिचान सहितको होमस्टे निर्माण,माडी न.पा. अन्तर्गत

१६. कुलो लाइनिंग माडी न.पा. वडा न.- २, ३, ४ र ५

१७ मरोठ खोला कुलो लाइनिंग तथा तटबन्धन, माडी न.पा. वडा न.-१

१८. डान्ग्रे खोला तटबन्धन, माडी न.पा. वडा न.-१

१९. आर्युबेद औषधालय क्षेत्रमा योग तथा ब्यायाम शिबिरको लागि भवन निर्माण

२०. हुलाकी मार्गको मुख्य १० चोकमा (हाई मार्श लाइट ) सडक बति जडान

निर्णय प्रमाणित

२०८०।११।१८
प्रमुख प्रशासकीय अधिकृत

तारा कुमारी काफ्ले महतो
नगर प्रमुख

२१. कृतनपुर बजार शहिद रामचन्द्र प्रतिक्षालय भएर बरुवाल टोल हुँदै प्राबिधिक शिक्षालय जोड्ने सडक कालोपत्रे

२२. लेते खोला कुलो लाइनिंग तथा निर्माण, माडी न.पा., वडा न.- ६

२३. यसराम महतोको घरनेर कल्भर्ट निर्माण, माडी न.पा. वडा न.- ३

२४. स्व. कर्ण बहादुर घर्ति प्रतिष्ठानमा पूर्वाधार विकास, माडी न.पा., वडा न.- ६

२५. रिऊ बगही कुलो लाइनिंग, माडी न.पा., वडा न.- ९

२६. बाँदरमुडे शिबराजपुरी कुलो लाईनिंग तथा तटबन्धन, माडी न.पा., वडा न.- ६

२७. दुरा होमस्टे पूर्वाधार विकास, माडी न.पा., वडा न.- ९

२८. वडा कार्यलय भवन निर्माण, माडी १, ४ र ७

२९. सिमरा थारु पर्यटन सामुहिक भवन, माडी न.पा., वडा न.- ३

३०. गौरीनगर सामुदायिक पार्क, माडी- ७

**संघ सरकार सँग माग गर्नुपर्ने योजना विवरण**

१। जडीबुटी पार्क निर्माण, माडी न.पा. वडा न.- ९

२। थारु ग्राम पूर्वाधार निर्माण, माडी न.पा.वडा न.-३

३। रिऊ खोला तटबन्धन, माडी न.पा.

४। कसरा देखि रिऊ खोला सम्म बाटो स्तर उन्नति

५। चिताही खोला तटबन्धन, माडी न.पा.-२

६। नगरको प्रशासकीय भवन

निर्णय प्रमाणित

२०८०।११।१८

प्रमुख प्रशासकीय अधिकृत

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर, चितवन बागमती प्रदेश, नेपाल २०७३

तारा कुमारी काफ्ले महतो
नगर प्रमुख

Scanned with CamScanner